# नेपाल विद्युत प्राधिकरण
## प्रधान कार्यालय, काठमाडौं

## जेष्ठता र कार्यसम्पादन मूल्याङ्कन तथा कार्यक्षमता मूल्याङ्कनद्वारा हुने बढुवाका लागि आवेदन फाराम भर्ने सूचना

(गोरखापत्रमा प्रथम पटक प्रकाशित मितिः २०८२/०१/१९)

नेपाल विद्युत प्राधिकरणबाट मिति २०८१/०९/०५ मा प्रकाशित प्रशासन सेवा, लेखा समूह/उपसमूह, तह ६, सहायक लेखा अधिकृत पदको बढुवा सूचना नं. २०८१/८२ प्र.६/जे.ब.३४, जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा तथा बढुवा सूचना नं. २०८१/८२ प्र.६/ब.सु.३५, कार्यक्षमता मूल्याङ्कनद्वारा हुने बढुवा उपर चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा परेको रिट नं. ०८१-WO-०७५१ मा सम्मानित अदालतबाट मिति २०८१/११/०४ मा उत्प्रेषणको आदेशद्वारा उल्लेखित बढुवा सूचना बदर गरी पूनः विज्ञापन गर्नु गराउनु भन्ने समेतको परमादेश आदेश जारी भएकोले नेपाल विद्युत प्राधिकरण, कर्मचारी सेवा, शर्त विनियमावली, २०७५ (संशोधन सहित) मा उल्लेखित व्यवस्थाका आधारमा प्राधिकरणमा रिक्त देहायका पदहरु जेष्ठता र कार्यसम्पादन मूल्याङ्कन तथा कार्यक्षमता मूल्याङ्कनद्वारा बढुवा गरी पूर्ति गर्नुपर्ने भएकोले मिति २०८१/१०/०५ सम्ममा बढुवा हुने पद भन्दा एक तह मुनिको सम्बन्धित सेवा, समूह र उपसमूहको पदमा तोकिएको सेवा अवधि तथा शैक्षिक योग्यता (सम्मानित सर्वोच्च अदालतको परमादेशको आदेश अनुसार नेपाल विद्युत प्राधिकरण, कर्मचारी सेवा, शर्त विनियमावली, २०७५ विनियम ६२ र अनुसूची-७ मा भएको व्यवस्था अनुसार) पुगेका उम्मेदवारहरुबाट यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र नेपाल विद्युत प्राधिकरणको मानव संशाधन सूचना प्रणाली **hris.nea.org.np** मा Log In गरी बढुवा आवेदनमा गई Online Application मार्फत प्राप्त हुने गरी रितपूर्वकको दरखास्त आव्हान गरिन्छ। रित नपुगी प्राप्त भएका दरखास्त उपर कुनै कारवाही गरिने छैन।

**जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा**

| बढुवा सूचना नं. २०८१/८२ | पद | तह | सेवा | समूह | उपसमूह | पद संख्या |
|---|---|---|---|---|---|---|
| प्र.६/जे.ब.३४ (पूनः प्रकाशन) | सहायक लेखा अधिकृत | ६ | प्रशासन | लेखा | लेखा | ३२ |

**कार्यक्षमता मूल्याङ्कनद्वारा हुने बढुवा**

| बढुवा सूचना नं. २०८१/८२ | पद | तह | सेवा | समूह | उपसमूह | पद संख्या |
|---|---|---|---|---|---|---|
| प्र.६/ब.सू.३५ (पूनः प्रकाशन) | सहायक लेखा अधिकृत | ६ | प्रशासन | लेखा | लेखा | २० |

१. उपर्युक्त सूचना नेपाल विद्युत प्राधिकरणको वेवसाइट **www.nea.org.np** मा हेर्न सकिनेछ। विद्युतीय प्रणालीमार्फत बढुवाको आवेदन बुझाउने प्रक्रिया नेपाल विद्युत प्राधिकरणको मानव संशाधन सूचना प्रणाली **hris.nea.org.np** मा Log In गरे पश्चात् प्रयोगकर्ता पुस्तिकामा हेर्न सकिनेछ।

२. आवेदन दस्तुरः रु. १०००।- लाग्नेछ। बढुवा आवेदन फाराम भरिसकेपछि Payment tab मा गई उपलब्ध Payment Platform हरु मध्ये कुनै एकबाट उल्लेखित दस्तुर भुक्तानी गर्न सकिनेछ। मिति २०८१/०९/०५ गते प्रकाशित भएको उल्लिखित बढुवा सूचना मध्ये कुनै एकमा आवेदन गरेका आवेदकले थप अर्को बढुवा सूचनामा आवेदन दिएमा तथा यसपूर्व आवेदन नगरेका आवेदकहरुले आवेदन दिएमा नियमानुसार लाग्ने दस्तुर बुझाउनु पर्नेछ। पूनः आवेदन नदिने पूर्व आवेदकहरुले आवेदन दस्तुर बापतको रकम फिर्ताका लागि निवेदन दिएमा नियमानुसार आवेदकलाई आवेदन दस्तुर वापतको रकम फिर्ता गरिनेछ।

३. पूर्व प्रकाशित बढुवा सूचनामा आवेदन गरेका आवेदकहरुले आवेदन गर्न चाहेमा पूनः आवेदन दिनु पर्नेछ। परीक्षा दस्तुर भने साविकको कायम रहनेछ।

४. सूचना प्रकाशन भएको मितिले ३०औं दिन (२०८२/०२/१७ गते) रातको १२:०० बजेसम्म आवेदन पेश गर्न सकिनेछ।

५. अनलाइन प्रणालीबाट दरखास्त दस्तुर बुझाउने प्रावधान रहेको हुँदा दरखास्त पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएको अवस्थामा पनि सोही दिनभित्र अनिवार्य रुपमा दरखास्त दस्तुर सहित दरखास्त पेश गरी सक्नुपर्नेछ।

६. उम्मेदवारले पेश गर्नुपर्ने आवश्यक सबै कागजातहरु स्पष्ट, द्विविधा रहित र छानविन गर्न सकिने हुनुपर्नेछ।

७. आवेदन फाराममा उल्लेख भए बमोजिमका आवश्यक कागजातहरु र विवरण संलग्न नगर्ने उम्मेदवारहरुको प्राप्त कागजातका आधारमा मूल्याङ्कन गरिनेछ।

८. बढुवा भएका उम्मेदवारहरुलाई दरबन्दी रिक्त रहेसम्म सामान्यतया काठमाडौं उपत्यका र शहरी क्षेत्र बाहेकका अन्य कार्यालयमा पदस्थापना गर्न प्राथमिकता दिइनेछ।

९. थप जानकारीको लागि फोन नं. ०१-४१५३०४८ मा कार्यालय समयमा सम्पर्क गर्न सकिनेछ।

सदस्य सचिव
पदपूर्ति समिति